(मिति २०८१।०९। २५ गतेको गाउँ कार्यपालिकाबाट स्वीकृत)

# गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी

२०८१

CamScanner

बेचन प्रसाद मेहता
अध्यक्ष

# गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना**:- देवानगञ्ज गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा न्यून दरबन्दी भई पठनपाठनमा समस्या उत्पन्न भएको कारण गाउँपालिकाबाट शिक्षकहरुको व्यवस्थापन मार्फत विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई थप व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को दफा (११) को "ज" मा भएको व्यवंस्था कार्यान्वयन गर्न देवानगञ्ज गाउँपालिकाको शिक्षा ऐन-२०७७ (दोस्रो संशोधन समेत) को दफा (१७) को उपदफा (७) लाई व्यवस्थित गराउन वाञ्छनीय भएकोले देवानगञ्ज गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**संक्षिप्त नाम प्रारम्भः-** १) यस कार्यविधिको नामः गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि,२०८१ रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"ऐन"** भन्नाले देवानगञ्ज गाउँ शिक्षा ऐन २०७७ लाई सम्झनुपर्छ।

ख) **"कार्यालय"** भन्नाले देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ग) **"शिक्षा शाखा "** भन्नाले देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयमा रहेको शिक्षा हेर्ने विषयगत शाखा सम्झनु पर्दछ।

घ) **"दरबन्दी"** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्दछ र सो शब्दले अन्य अस्थायी प्रकृतिका अनुदान दरबन्दीलाई समेत बुझाउँछ।

ङ) **"गाउँपालिका अनुदान"** भन्नाले गाउँपालिकाले उपलब्ध गराएको शिक्षक सङ्ख्यालाई जनाउँदछ।

च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्छ।

छ) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा हेर्ने विषयगत शाखामा कार्यरत शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

ज) **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा सो काम गर्न तोकिएको शिक्षक सम्झनु पर्दछ।

झ) **"शिक्षक"** भन्नाले विद्यालयमा अध्यापन गर्न नियुक्त भएको अध्यापक सम्झनुपर्दछ।

बेचन प्रसाद मेहता
अध्यक्ष

CS CamScanner

वेचन प्रसाद मेहता
अध्यक्ष

ञ) **"विद्यालय कर्मचारी"** भन्नाले शिक्षक बाहेकका प्रशासनिक कार्य गर्ने अन्य कर्मचारी सम्झनु पर्दछ साथै सो शब्दले विद्यालय सहायक (लेखा हेर्ने) कर्मचारी समेतलाई जनाउँछ।

ट) **"कामकाज"** भन्नाले गाउँपालिका अनुदानमा कार्यरत शिक्षकलाई निश्चित समयावधि तोकेर वा अर्को व्यवस्था नहुञ्जेलको लागि कार्यरत विद्यालयबाट अर्को विद्यालयमा शिक्षणको लागि खटाउने कार्यलाई सम्झनु पर्दछ।

ठ) **"विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## शिक्षण/अनुदान कोटा उपलब्ध गराउने आधार

यस देवानगञ्ज गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा रहेका दरबन्दीको आधारमा नपुग हुने विषयगत दरबन्दी देहायको आधारमा उपलब्ध गराइनेछ:

### २.१. शिक्षण कोटा वितरणको आधार:-

क) विद्यालयमा सञ्चालित तह र कक्षा

ख) विद्यालयमा अद्ययनरत विद्यार्थी सङ्ख्या र विद्यालय सेवा क्षेत्र

ग) विद्यालयमा रहेको स्विकृत मौजुदा दरबन्दी सङ्ख्या

घ) विद्यालयमा पढाइ हुने विषयहरु

ङ) साधारण तथा प्राविधिक धार

च) अन्य उप्रर्युक्त कारणहरु

### २.२. तहगत दरबन्दी सङ्ख्या

विद्यालयको विषयगत तथा तहगत शिक्षक आवश्यकताको आधारमा तथा विद्यालयको मागको आधारमा रहेर गाउँ शिक्षा समितिको निर्णयानुसार आवश्यकता र औचित्यताको परिधिमा गाउँपालिका अनुदान शिक्षक दरबन्दी कायम गरिनेछ। यो कार्यविधि लागु हुनुभन्दा पहिले रहेका मौजुदा विद्यालयका गाउँपालिका अनुदान स्रोतका दरबन्दीलाई समेत यसै कार्यविधि बमोजिम गणना गरिनेछ।

## परिच्छेद-३
## शिक्षक नियुक्ति प्रक्रिया

### ३.१ शिक्षक नियुक्ति प्रक्रिया

गाउँपालिका अनुदान शिक्षक नियुक्ति गर्दा देहायको मापदण्ड अवलम्बन गरिनेछ।

क) उपदफा २.१ मा रहेका विभिन्न मापदण्डको आधारमा गाउँ शिक्षा समितिको निर्णयानुसार प्रत्येक वर्षको लागि शिक्षण अनुदान कोटा निर्धारण गर्नुपर्नेछ।

ख) प्रत्येक वर्षको लागि शिक्षण अनुदान कोटा निर्धारण भएपश्चात् उक्त कोटामा पदपूर्ति गर्नका लागि गाउँशिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखा मार्फत कम्तिमा १५ दिने विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

वेचन प्रसाद मेहता
अध्यक्ष

ग) माथि उल्लेखित विज्ञापनमा शिक्षक सेवा आयोगले तोकेको सम्बन्धित तहको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन गरिने छ। साथै उक्त खुला प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन समेत) अनुसार नै हुनेछ।

घ) परीक्षा समितिले लिखित (आवश्यक ठानेमा प्रयोगात्मक समेत) र अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी योग्यताक्रम अनुसार नियुक्ति गर्ने प्रयोजनका लागि गाउँकार्यपालिको कार्यालयलाई सिफारिस गर्नुपर्नेछ। यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म विज्ञापन भएको पद सङ्ख्याको पचास प्रतिशतले हुने सङ्ख्यामा उम्मेद्वारको नाम योग्यताक्रम अनुसारको वैकल्पिक सूचिमा राख्नुपर्ने छ। यसरी वैकल्पिक सूचिमा रहेका शिक्षकहरुलाई पालिकाको शिक्षक बैंकको रुपमा राखी पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुले अध्ययन विदा, प्रसुती विदा जस्ता लामो समयसम्म रहने विदा स्वीकृत गरी विदामा रहेको ठाउँमा गाउँशिक्षा समितिको निर्णय अनुसार पालिकाले तोकिए बमोजिम तलब भत्ता प्राप्त गर्ने गरी सोहि समयका लागि नियुक्ति गरी कामकाजमा खटाउन सकिनेछ।

ङ) विषय कायम हुने सम्बन्धमा विद्यालयलाई आवश्यकता हुने किसिमले विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कायम गर्न सकिनेछ। तर ६-१२ सञ्चालित विद्यालयले अङ्ग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयलाई प्राथमिकता दिनुपर्नेछ।

च) शिक्षकको योग्यता सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ।

छ) विज्ञापनको अवधि समाप्त भईसकेपछि पनि कुनै उम्मेद्वारको आवेदन नपरेमा वा परीक्षा उत्तीर्ण गर्न नसकेमा पुनः ७ दिने म्याद राखी खुला विज्ञापन गर्नुपर्नेछ।

ज) शिक्षक छनौट समिति सम्बन्धमा प्रचलित कानुन बमोजिमको समिति मार्फत शिक्षक छनौट गरी माथिल्लो योग्यताक्रममा रहेका मुख्य उम्मेद्वारलाई बढीमा १ आर्थिक वर्षको लागि करारमा हाजिर गराउनको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ।

झ) विषय विज्ञ छनौट गर्दा शिक्षा विकास तथा समन्वय इकाइ वा गाउँपालिकामा सुचिकृत भएका मध्येबाट गर्नुपर्नेछ।

ञ) यो कार्यविधि लागु हुनु पूर्व कायम गरिएका अनुदान कोटा यसै कार्यविधि बमोजिम तत् विद्यालयमा कायम भएको मानिनेछ र निकासा भएको तलब समेत यसै कार्यविधि बमोजिम निकासा गरिएको मानिनेछ।

ट) शिक्षक छनौट समितिबाट सिफारिस भएको उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले ३ दिन भित्र हाजिर गराउनु पर्नेछ। हाजिर गराउन ढिलाइ गर्ने वा इन्कार गर्ने विद्यालयको कोटा अन्य विद्यालयलाई उपलब्ध गराइनेछ।

ठ) करारमा शिक्षक नियुक्त भएको १५ दिन भित्र अभिलेखीकरणको लागि गाउँपालिकाको शिक्षा शाखामा फाईल दर्ता गराउनुपर्नेछ।

ड) शिक्षकको तलबभत्ता त्रैमासिक रुपमा विद्यालयको खातामा उपलब्ध गराईनेछ।

ढ) गयल भएको शिक्षकलाई तलब दिने, रिक्त भएको जानकारी नगराउने प्र.अ. लाई तोकिए बमोजिम कारवाही गरिनेछ।

चेतन प्रसाद मेहता
अध्यक्ष

ण) विद्यालयले स्वयंसेवक शिक्षकको नियुक्तिको लागि गाउँशिक्षा समितिमा निवेदन दिएमा गाउँशिक्षा समितिले विद्यालयको माग र आवश्यकताको पहिचान गरी स्वयंसेवक शिक्षक राख्नको लागि विद्यालयलाई अनुमति प्रदान गर्नेछ । प्राप्त अनुमतिका आधारमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कम्तिमा ७ दिनको सूचना विद्यालयको आधिकारिक Website तथा विद्यालय, वडा कार्यालय र पालिकको सूचना पाटीमा प्रकाशन गरी आवेदन सङ्कलन गर्नु पर्नेछ । प्राप्त आवेदनहरुलाई विद्यालय व्यवस्थापन समितिबाट गठित स्वयंसेवक शिक्षक छनौट समितिले प्रचलित ऐन नियमावली बमोजिम छनौट गरी नियुक्ति दिएर कामकाजमा लगाउनु पर्नेछ । उक्त स्वयंसेवक शिक्षकहरुलाई गाउँ शिक्षा समितिले तोकेबमोजिम गाउँपालिका वा विद्यालयले स्वयंसेवक भत्ता उपलब्ध गराउन सक्नेछ ।

त) गाउँपालिका अनुदानमा नियुक्त हुने वा भएको शिक्षकको सम्बन्धित तहको लाइसेन्स अनिवार्य भएको हुनुपर्नेछ ।

## परिच्छेद-४
## गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन

**४.१. विद्यालयमा उपलब्ध गराइएको गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकको कामकाज व्यवस्थापन देहाय बमोजिमको आधारमा गर्न सकिनेछः**

क) गाउँपालिका अनुदानमा कार्यरत गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षकलाई निश्चित समयावधि तोकेर वा अर्को व्यवस्था नहुञ्जेलको लागि कार्यरत विद्यालयबाट अर्को विद्यालयमा शिक्षणको लागि खटाउन सकिनेछ ।

ख) कुनै विद्यालयमा विद्यार्थी सङ्ख्यामा कमी भएको कारण गाउँपालिका अनुदान शिक्षकलाई केही समयको लागि गाउँपालिका भित्रैकै अन्य विद्यालयमा कामकाजमा खटाउन यो कार्यविधिको कुनै नियमले बाधा परेको मानिने छैन ।

ग) कामकाजमा खटाउने निर्णय भएको शिक्षकलाई गाउँपालिकाको कार्यालयको शिक्षा शाखाले तोकिएको ढाँचामा पत्र उपलब्ध गराउनेछ ।

घ) खटाइएको शिक्षक (३) दिन भित्र अर्को विद्यालयमा रमाना भई जाने र खटिएको शिक्षकलाई निर्वाधरुपमा हाजिर गराई सो सम्बन्धी सम्पूर्ण जानकारी शिक्षा शाखामा पठाइदिनुपर्नेछ ।

ङ) कार्यालयको निर्णयानुसार कामकाजमा खटिन आनाकानी गर्ने तथा हाजिर गराउन इन्कार गर्ने शिक्षक तथा विद्यालयलाई शिक्षा समितिको निर्णयानुसार कारवाही हुनेछ ।

च) यो कार्यविधि लागु हुनु पूर्व विद्यालय व्यवस्थापन समितिको निर्णय मार्फत नियुक्ति भएका शिक्षकहरुलाई उमेरको हदबन्दी नलाग्ने गरी एक पटकको लागि प्रचलित मापदण्डको आधारमा प्रतिस्पर्धामा सहभागी हुने व्यवस्थापन गरी उत्तीर्ण हुने उमेदवारलाई गाउँपालिका अनुदान शिक्षक पदमा नियुक्तिको लागि सिफारिस गरिनेछ । सो सम्बन्धमा गाउँ शिक्षा समितिको निर्णय मार्फत प्रक्रिया अगाडि बढाउनुपर्नेछ । प्रचलित मापदण्ड बमोजिम प्रतिस्पर्धामा सहभागी भई नियुक्त भएको शिक्षक यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ । प्रक्रिया अगाडि बढाउन ढिला भएको खण्डमा समेत यसै कार्यविधि बमोजिम तलब निकासा गर्न कुनै बाधा पुगेको मानिने छैन ।

बेचन प्रसाद मेहता
अध्यक्ष

च) विद्यालयले गाउँपालिका अनुदानमा कार्यरत शिक्षकको लागि गाउँपालिकाको शिक्षा शाखामा रहेको मापदण्ड बमोजिम व्यक्तिगत फाइल खडा गरी अभिलेखीकरणको लागि लेखी पठाउनुपर्नेछ।

छ) शिक्षक व्यवस्थापन सम्बन्धमा गाउँ शिक्षा समितिले अन्य आवश्यक उपर्युक्त निर्णय गर्न सक्नेछ।

## परिच्छेद-५
## गाउँपालिका अनुदान रोक्का गर्न सकिने

**५.१: विद्यालयमा उपलब्ध गराइने गाउँपालिका अनुदान रकम देहाय बमोजिमको अवस्थामा रोक्का वा निकासा बन्द गर्न सकिनेछ।**

क) शिक्षक तथा कर्मचारीको स्थायी रुपमा दरबन्दी पदपूर्ति भएमा,

ख) संघ तथा प्रदेशबाट शिक्षक दरबन्दी तथा अनुदान थप भएमा,

ग) विद्यालय मर्ज वा तह वा कक्षा घटुवा भएमा,

घ) गाउँ शिक्षा समितिले अनुदान घटाउने निर्णय गरेमा,

ङ) पुनरावलोकन समितिको निर्णयानुसार,

## परिच्छेद-६
## शिक्षक आचार संहिता तथा कारवाही

**६.१. गाउँपालिका अनुदानमा कार्यरत शिक्षकको आचार संहिता:-**

**क)** गाउँपालिका अनुदानमा कर्यरत शिक्षकको आचार संहिता सम्बन्धमा प्रचलित कानुनले तोके बमोजिम हुनेछ र सोको कार्यान्वयन गर्नु प्रत्येक शिक्षकको कर्तव्य हुनेछ।

**ख)** आचार संहिता उल्लङ्घन गर्ने, सामाजिक सद्भावमा आँच पुर्याउने किसिमले सामाजिक सञ्जालमा प्रस्तुत हुने, विद्यालयका गतिविधिलाई अमर्यादित किसिमले अस्वभाविक दुष्प्रचार गर्ने, विद्यालयलाई असहयोग गर्ने, समयमा विद्यालयमा उपस्थित नहुने, विद्यार्थी प्रति जिम्मेवारी वहन नगर्ने तथा अन्य गैर जिम्मेवारपूर्ण तरिकाले प्रस्तुत भएको र कारवाहीको लागि विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएमा गाउँ शिक्षा समितिले कम्तिमा १ महिना बराबरको तलब कारवाही स्वरुप उपलब्ध नगराउने निर्णय लिन सक्नेछ भने गलत व्यवहार पुनः दोहोर्याएमा सेवाबाट बर्खास्त गर्न सक्नेछ। सेवाबाट बर्खास्त भएको शिक्षक पुनः गाउँपालिका अनुदान शिक्षक पदमा नियुक्तिको लागि ग्राह्य हुन सक्नेछैन।

**ग)** गाउँपालिका लगायत माथिल्लो निकायबाट हुने विद्यालय सुपरीवेक्षणको क्रममा विदा नलिई कुनै पनि शिक्षक अनियमित भएको देखिएमा सो शिक्षकलाई गाउँपालिकाले स्पष्टीकरण सोध्न सक्नेछ। समयमा स्पष्टीकरण पेश नगर्ने, पेश भएको स्पष्टीकरण समेत चित्तबुझ्दो नदेखिएमा निश्चित समयावधि तोकेर गाउँपालिकाले निलम्बन गर्न सक्नेछ।

**घ)** प्रत्येक शैक्षिक सत्र समाप्त भएको १ महिना भित्र विद्यालयमा कार्यरत सबै प्रकारका करार शिक्षकको वि.व्य.स. बाट म्याद थप गर्नुपर्नेछ। म्याद थप नभएमा शिक्षकको तलवभत्ता निकासा हुनेछैन। विना कारण म्याद थप नगर्ने वि.व्य.स.लाई तोकिए बमोजिम अन्य कारवाही गरिनेछ।

चेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

बेचन प्रसाद मेहता
अध्यक्ष

## परिच्छेद-७

## विदा तथा अन्य सुविधा

**७.१ गाउँपालिका शिक्षण अनुदान शिक्षकको विदा तथा अन्य सुविधाहरु देहाय बमोजिम हुनेछनः**

क) प्रत्येक महिनामा १ दिन विरामी विदा उपलब्ध हुनेछ।

ख) विरामी विदा सोही शैक्षिक सत्रसम्म सञ्चित गर्न सकिनेछ। तर सञ्चित विरामी विदा बापत कुनै पनि आर्थिक सुविधा भुक्तानी दावी गर्न पाइने छैन।

ग) सञ्चित विरामी विदा बापत कुनै पनि शिक्षक एकैपटक लगातार (५) दिन भन्दा बढी विदा बस्न मिल्ने छैन।

घ) प्रसुति विदा प्रचलित कानुन बमोजिम पाइनेछ साथै सो अवधिमा विद्यालयको शिक्षण सिकाइलाई अपठ्यारो नहुने गरी शिक्षक व्यवस्थापन गर्नुपर्नेछ। लामो समय सम्म प्रसुति विदामा बस्दा शिक्षणमा समस्या हुने देखिएमा वि.व्य.स.को निर्णयानुसार कुनै आंशिक शिक्षकलाई दैनिक ज्यालादारीमा विदा बसेको अवधिभर करार गर्न सकिनेछ। सोको आर्थिक व्यवस्थापन सम्बन्धित गाउँपालिका अनुदान शिक्षक र विद्यालयले मिलाउनुपर्नेछ।

ङ) विदा अधिकार नभई सहुलियत मात्र हुनेछ।

च) प्रसुति विदा बाहेक ५ दिनभन्दा बढी लगातार अन्य विदा बसेको देखिएमा विदा बसेको अवधिको तलब भत्ता उपलब्ध गराइने छैन।

छ) वार्षिक रु. १००००/- पोशाक भत्ता तथा वार्षिक १ महिना बराबरको तलब चाडपर्व खर्च वापत उपलब्ध गराइनेछ। पोशाक लगाई शिक्षण सिकाई क्रियाकलापमा सहभागी हुनु सम्बन्धित शिक्षकको दायित्व हुनेछ।

ज) गाउँसभाबाट प्रयाप्त मात्रामा बजेट विनियोजन नभएमा जुनसुकै बखत सेवा निरन्तरता दिन नसकिने व्यहोराको जानकारी सम्बन्धित विद्यालयलाई गाउँपालिकाले उपलब्ध गराउनुपर्नेछ।

झ) शिक्षकले आफै किरिया बस्नुपर्ने भएमा आफ्नो जात तथा धर्म सस्कृति अनुसारको किरिया विदा पाउनेछ। महिला शिक्षकको पति किरिया बस्नुपर्ने भएमा त्यस्तो महिला शिक्षकले पनि किरिया विदा पाउनेछ।

ञ) माथि उल्लेखित बाहेक अन्य प्रकारका विदा दाबी गर्न पाइने छैन। कहिलेकाहीँ काबु बाहिरको परिस्थिति सिर्जना भएमा सम्बन्धित विद्यालयले थप विदाको निर्णय लिन वा गाउँपालिका समक्ष सिफारिस गर्न सक्नेछ। विद्यालयबाट प्राप्त सिफारिसको आधारमा गाउँपालिकाको शिक्षा शाखाले विदाको उचित निर्णय लिन सक्नेछ।

बेचन प्रसाद मेहता

CS CamScanner

## परिच्छेद-८
## विविध

**क) तलब भत्ता व्यवस्थापन** – गाउँपालिका शिक्षण अनुदान शिक्षकको तलब भत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**ख) पुनरावलोकन समितिः**- मौजुदा शिक्षक कोटालाई विद्यार्थी सङ्ख्या, विद्यालयको भौगोलिक अवस्था, कक्षा सञ्चालन तह लगायतका समसामयिक विषयमा केन्द्रित रहेर कोटा पुनरावलोकन तथा निर्धारण गरी सिफारिस गर्न देहायको एक समिति रहनेछ।

समिति संयोजकः- प्रमुख प्रशासकीय अधिकृत

सदस्यः- शिक्षा समितिका महिला सदस्य (१) जना

सदस्यः- सामाजिक विकास समितिको संयोजक

सदस्यः- शिक्षक महासंघको अध्यक्ष (१) जना

सदस्य सचिवः- शिक्षा अधिकृत

पुनरावलोकन समितिको काम कर्तव्य र अधिकार यसै कार्यविधिको अधीनमा रही देहाय बमोजिम हुनेछः

१) गाउँपालिका अनुदान शिक्षकको विद्यालयगत दरबन्दी तय गरी शिक्षा समितिमा पेश गर्ने।

२) गाउँपालिका अनुदान शिक्षकको तलब भत्ता परिमार्जनको लागि शिक्षा समितिमा सिफारिस गर्ने।

३) विद्यालय सुपरिवेक्षणको क्रममा कुनै विषय देखिएमा उपर्युक्त निर्णयको लागि शिक्षा समिति समक्ष सिफारिस गर्ने।

४) गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम अन्य क्रियाकलापमा आवश्यक सहजीकरण गर्ने।

**ग) बाझिएमा अमान्य हुनेः**- यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

**घ) संशोधनः**- यस कार्यविधिको कुनै पनि प्रावधान संशोधन वा खारेज गर्नुपर्ने भएमा सो सम्बन्धी अधिकार गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकामा निहित रहनेछ।

वेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

# देवानगञ्ज गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा रहेको विद्यार्थी तथा शिक्षक कर्मचारी दरबन्दी विवरण

| .स. | विद्यालयको नाम र ठेगाना | माध्यमिक तह | | निम्न माध्यमिक तह | | प्राथमिक तह | | | शिक्षण सिकाइ अनुदान | | प्राविधिक धार | | उच्च मा.वि. अनुदान | जम्मा शिक्षक दरबन्दी /राहत/अन्य | विद्यालय कर्मचारी/ लेखापाल | बाल विकास स.का. | विद्यालय सहयोगी | एक मुष्ट अ… ला… | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | राहत अनुदान | स्वीकृत दरबन्दी | राहत अनुदान | स्वीकृत दरबन्दी | राहत अनुदान (रिक्त) | राहत अनुदान | मा.वि. | आ.वि. | मा.वि. | आ.वि. | | | | | | शिक्षक | बाल विक… स.क… |
| 1 | श्री जनता मा.वि. देवानगञ्ज -1 | | | 0 | 2 | 5 | | 1 | 2 | | 0 | 0 | 0 | | 0 | 7 | 1 | | |
| 2 | श्री शारदा आ.वि.देवानगञ्ज -1 | | | 1 | 0 | 5 | | 2 | 0 | | 0 | 0 | 0 | | 0 | 3 | 1 | | |
| 3 | श्री घोपला आ.वि.देवानगञ्ज -1 | | | 0 | 0 | 0 | | 1 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 0 | | |
| 4 | श्री पशुपत्ति शिक्षा आश्रम देवानगञ्ज -1 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 5 | 0 | 2 | 0 |
| 5 | श्री राजाजी आ.वि.देवानगञ्ज -1 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 2 | 0 | 1 | 1 |
| .6 | श्री मदरसा उसमानिया देवानगञ्ज -1 | | | | | | | | | | | | | | | | | | |
| 7 | श्री मा.वि.देवानगञ्ज -2 | 1 | 1 | 5 | 0 | 6 | | 3 | 0 | | 0 | 0 | 0 | | 1 | 10 | 1 | | |
| 8 | श्री रामजानकी आ.वि.देवानगञ्ज -2 | | | 0 | 0 | 2 | | 1 | 0 | | 0 | 0 | 0 | | 0 | 2 | 1 | | |
| 9 | श्री हरिशिव आ.वि.देवानगञ्ज -2 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 1 | 2 | |
| 10 | श्री शिव दलित आ.वि.देवानगञ्ज -2 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 3 | 1 | 2 | |

देवन प्रसाद श्रेष्ठ
अध्यक्ष

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 11 | श्री मदरसा इस्लामिया देवानगञ्ज -2 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 2 | 0 | |
| 12 | श्री कृष्णा मा.वि.देवानगञ्ज -3 | 4 | 1 | 6 | 0 | 3 | | 4 | 0 | | 0 | 0 | 2 | | 1 | 7 | 1 | |
| 13 | श्री मा.वि. पाँचौसिमर देवानगञ्ज -3 | | | 3 | 1 | 4 | | 1 | 3 | | 0 | 0 | 0 | | 1 | 5 | 1 | |
| 14 | श्री दिव्या आ.वि.देवानगञ्ज -3 | | | 0 | 0 | 1 | | 3 | 0 | | 0 | 0 | 0 | | 0 | 2 | 1 | |
| 15 | श्री पदम आ.वि.देवानगञ्ज -4 | | | 1 | 0 | 2 | | 2 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 1 | |
| 16 | श्री सरस्वती आ.वि.देवानगञ्ज -4 | | | 0 | 0 | 3 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 3 | 1 | |
| 17 | श्री बाबुजी आ.वि.देवानगञ्ज -4 | | | 0 | 0 | 0 | | 4 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 1 | |
| 18 | श्री दिनभद्री आ.वि.देवानगञ्ज -4 | | | 0 | 0 | 1 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 3 | 1 | |
| 19 | श्री अमरसिंह मा.वि.देवानगञ्ज -5 | 5 | 2 | 4 | 0 | 4 | | 2 | 0 | | 6 | 3 | 2 | | 1 | 8 | 1 | |
| 20 | श्री आ.वि.देवानगञ्ज -5 | | | 0 | 0 | 1 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 0 | |
| 21 | श्री गणेश आ.वि.देवानगञ्ज -5 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 0 | 2 |
| 22 | श्री फोचोदास आ.वि.देवानगञ्ज -5 | | | 1 | 0 | 4 | | 3 | 0 | | 0 | 0 | 0 | | 0 | 2 | 1 | |
| 23 | श्री कृष्णा आ.वि.हक्परा देवानगञ्ज -6 | | | 0 | 0 | 2 | | 2 | 0 | | 0 | 0 | 0 | | 0 | 2 | 1 | |
| 24 | श्री जनता आ.वि.देवानगञ्ज -6 | | | 0 | 0 | 3 | | 0 | 0 | 1 | 0 | 0 | 0 | | 0 | 3 | 1 | |
| 25 | श्री बि.पि. आ.वि.देवानगञ्ज -6 | | | 0 | 0 | 1 | | 3 | 0 | | 0 | 0 | 0 | | 0 | 3 | 1 | |
| 26 | श्री सरस्वती | | | 1 | 0 | 5 | | 1 | 3 | | 0 | 0 | 0 | | 0 | 3 | 1 | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मा.वि.देवानगञ्ज -7 | | | | | | | | | | | | | | | | | | |
| 27 | श्री आ.वि. पक्कीटोल देवानगञ्ज -7 | | | 1 | 0 | 3 | | 1 | 0 | | 0 | 0 | 0 | | 0 | 2 | 1 | | |
| 28 | श्री जनप्रिय आ.वि.देवानगञ्ज -7 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 1 | | |
| 29 | श्री नवदुर्गा आ.वि.देवानगञ्ज -7 | | | 0 | 0 | 0 | | 0 | 0 | | 0 | 0 | 0 | | 0 | 1 | 1 | | |
| 30 | श्री पशुपत्ति शिक्षा मन्दिर देवानगञ्ज -7 | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | 10 | 4 | 23 | 3 | 55 | | 34 | 8 | 1 | 6 | 3 | 4 | | 4 | 85 | 22 | 9 | 1 |

चयन प्रसाद मेहता
अध्यक्ष